# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# जनशक्ति व्यवस्थापन विभागको
# <u>सूचना</u>

लोक सेवा आयोगबाट प्राप्त स्वीकृति अनुसार यस बैंकमा प्रशासन सेवातर्फ रिक्त रहेको सहायक निर्देशक (अधिकृत तृतीय) पद संख्या १० स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएको हुँदा योग्य नेपाली नागरिकले यस बैंकले तोकेको दरखास्त फाराम साथ नागरिकताको प्रमाणपत्र तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र हालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो संलग्न गरी बैंकको केन्द्रीय कार्यालय जनशक्ति व्यवस्थापन विभाग, वालुवाटारमा नियमित दस्तुर तिरी २०७३/१०/१७ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७३/१०/२४ सम्म दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन दरखास्त बुझाउन सकिनेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । उक्त कार्यको लागि काठमाण्डौमा आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | समूह/पद संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | खुला | महिला | आदिवासी/जनजाती | दलित | अपांग |
| १/२०७३ | सहायक निर्देशक, अधिकृत तृतीय | प्रशासन | ३ | २ | ३ | १ | १ |

नोटः मिति २०७२/०४/१० मा विज्ञापन गरिएको पद संख्या २५ मध्ये समाबेशी तर्फको महिला समूहको पद संख्या १, अदिबासी/जनजाति समूहको पद संख्या २, दलित समूहको पद संख्या १, अपाङ्ग समूहको पद संख्या १ गरी समावेशी समूह तर्फ जम्मा ५ पदको पदपूर्ति हुन नसकेकोले उक्त पद संख्या यस विज्ञापनमा समावेश गरिएको ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको ।

२. **समावेशीको आधार :-** समावेशी समूह तर्फ फारम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाती, दलित र अपाङ्गताको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** शुरु तलब स्केल रु.३५,१००।- र अन्य सुविधा बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ। यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-** पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ। पूर्व-योग्यता र लिखित परीक्षा संचालन लोक सेवा आयोगले गर्नेछ।

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष।

७. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

८. **परीक्षा दस्तुर :-** खुला प्रतियोगिताको लागि रु.८००।- परीक्षा दस्तुर बुझाउनु पर्नेछ। खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु. ३००।- का दरले थप परीक्षा दस्तुर बुझाउनु पर्नेछ । तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु. ८००।- परीक्षा दस्तुर र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहने उम्मेदवारले प्रत्येक समूहको लागि रु. ३००।- का दरले थप

परीक्षा दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैंकको बैकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गरी सक्कल भौचर दरखास्तसाथ संलग्न गर्नु पर्नेछ ।

९. **दरखास्त फारम** :- दरखास्त फारम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभागबाट उपलब्ध गराइने छ । साथै, यस बैंकको वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फारम भरी बुझाउन समेत सकिनेछ ।

१०. **समकक्षता निर्धारण प्रमाणपत्र** :- उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

११. **परीक्षा हुने मिति र स्थान :-** २०७३ साल फागुन २० गते सम्पर्क मितिका दिन यस बैंकको सूचना पाटी तथा बैंकको **website: www.nrb.org.np** को career @ NRB मा सूचना प्रकाशन गरिनेछ ।

१२. यो सूचना, दरखास्त फाराम तथा पाठ्यक्रम नेपाल राष्ट्र बैंकको **website: www.nrb.org.np** को **career @ NRB** मा राखिएको छ ।

**मिति :- २०७३/०९/१७**

**(डा. गोपालप्रसाद भट्ट)**
**का.मु. कार्यकारी निर्देशक**